नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सितापाइला, काठमाडौं

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना ।

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०६/१८)**

नागार्जुन नगरपालिकाको नगर अस्पतालको लागि देहायको पद, संख्या र योग्यता भएका कर्मचारीहरू करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) (मिति २०८१/०७/०२ गते) औं दिनको कार्यालय समय भित्र देहाय बमोजिमका शर्तहरूको अधिनमा रही लोक सेवा आयोगले तोकेको ढाँचामा आवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| विज्ञापन नं. | पद/समुह | तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | आवेदन दस्तुर रू. | छनौटको किसिम |
|---|---|---|---|---|---|---|
| १९/२०८०/८१ | मेडिकल डाक्टर (आठौं) | अधिकृत आठौं | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. उतिर्ण | १,००० | लिखित र अन्तरवार्ता |
| २०/२०८०/८१ | माइक्रोबायोलोजिष्ट (मेडिकल ल्याव टेक्नोलोजी), सातौं | सहायक सातौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातक तह उतिर्ण | १००० | लिखित र अन्तरवार्ता |

- **अन्य विवरणहरू:**

१. उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्ममा आवेदक पुरूषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

२. आवेदनमा संलग्न गर्नुपर्ने कागजातः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, माथि उल्लेखित आवेदन दिने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, सम्वन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि तथा नागार्जुन नगरपालिकाको एन.एम.बि.बैंक सितापाइला शाखामा रहेको नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय, आन्तरिक राजश्व खाता (GA-1.1) खाता नं. ०६६००५३५९०१०००२५ मा राजश्व जम्मा गरेको सक्कल भौचर वा नगरपालिका कार्यालयमा नै राजश्व जम्मा गरेको भौचर संलग्न हुनुपर्नेछ । पेश गरिने सवै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

३. पाठ्यक्रमः सम्वन्धित पदको लागि लोक सेवा आयोगले तोकेको पाठ्यक्रम

४. तलब स्केलः- सम्वन्धित पद तह अनुसारको नेपाल सरकारले तोकेको शुरू स्केल

५. करार अवधिः शुरूमा १ वर्ष (कार्यसम्पादनको आधारमा म्याद थप गरिने ।)

६. थप जानकारीको लागि सम्पर्क नं. ०१-५६७१७१७

**प्रमुख प्रशासकीय अधिकृत**